लोक सेवा आयोग
सुरक्षा निकाय तथा सङ्गठित संस्था महाशाखा
लिखित परीक्षा सञ्चालन शाखा

परीक्षा कार्यक्रम निर्धारण गरिएको सूचना

निकायः	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	विज्ञापन प्रकाशित मितिः २०८३/०३/१९	लि.प. कार्यक्रम प्रकाशन मितिः	२०८३/०८/०४

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्व प्रकाशित विज्ञापनअनुसार **आ.प्र. तर्फको तपसिल बमोजिमका पदहरुको प्रतियोगितात्मक लिखित परीक्षा** कार्यक्रम सञ्चालनका लागि देहायबमोजिम परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र.सं.	विज्ञापन नं. र किसिम	पद	सेवा/समूह/श्रेणी	लिखित परीक्षा मिति र समय		उम्मेदवार संख्या	परीक्षा केन्द्र	रोल नं.	
				प्रथम पत्र	द्वितीय पत्र			देखि	सम्म
१	१५/२०८२-८३ (आ.प्र.)	मुख्य प्रबन्धक	प्रशासन/प्रशासन/१०	२०८३/०८/२६ गते बिहान ९:०० बजे	२०८३/०८/२७ गते बिहान ९:०० बजे	२३	लोक सेवा आयोग, अनामनगर	१५००१	१५०२३
२	१६/२०८२-८३ (आ.प्र.)	मुख्य प्रबन्धक (सूचना प्रविधि)	प्रशासन/सूचना प्रविधि/१०	२०८३/०८/२८ गते बिहान ९:०० बजे	२०८३/०८/२९ गते बिहान ९:०० बजे	५	लोक सेवा आयोग, अनामनगर	१६००१	१६००५

द्रष्टव्यः

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ मा भएको व्यवस्था बमोजिम लेखन सहयोगी आवश्यक पर्ने उम्मेदवारले आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयमा स्वयम् उपस्थित भई परीक्षा सञ्चालन हुनुभन्दा १० (दश) दिन अगावै निवेदन दिनु पर्नेछ ।

नम्रता चुडाल
शाखा अधिकृत

देवीप्रसाद सुवेदी
उपसचिव